म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ | अङ्क:- १४६ | २०८१ वैशाख ५ गते बुधबार 17 April 2024, Wednesday - | पृष्ठ ४ | मूल्य रु. ५/-

**जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा**
**जनहितमा जारी सन्देश**

बालबालिकाहरुका लागि हरेक वर्ष राष्ट्रिय "भिटामिन ए" खुवाउने कार्यक्रम यहि २०८१ बैशाख ६ र ७ गते संचालन हुने भएको छ । उक्त कार्यक्रमको नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिनादेखि ५९ महिना उमेर समूहसम्मका बालबालिकालाई "भिटामिन ए" र १ बर्षदेखि ५ बर्ष उमेरसम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**
हेटौंडा, मकवानपुर
०५७-५२०७१८

## क्याम्पस प्रमुखलाई क्याम्पस सुधारका प्रस्ताव प्रस्तुत




*क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाल (बायाँ)लाई ध्यानाकर्षणपत्र बुझाउनुहुँदै पब्लिक क्याम्पस प्राध्यापक संघका अध्यक्ष घनश्याम घिमिरे ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर बहुमुखी क्याम्पसका प्राध्यापकले क्याम्पस प्रमुख समक्ष क्याम्पस सुधारका प्रस्तावहरुसहित ध्यानाकर्षणपत्र बुझाएको छ । पब्लिक क्याम्पस प्राध्यापक संघ मकवानपुर बहुमुखी क्याम्पस इकाईका अध्यक्ष घनश्याम घिमिरेले सोमबार नवनियुक्त क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाललाई विषयगत सुझावहरु बुझाएको हो ।

प्राध्यापक संघले संकायगत प्राध्यापकहरुसँग सुझाव संकलन गरेर क्याम्पस प्रमुखलाई बुझाएको हो । प्राध्यापक संघले शैक्षिक सुधार, अनुशासन, कक्षा-११ र १२ को व्यवस्थापन, विश्वविद्यालय, पेशागत हकहित र अन्य गरी ६ वटा शीर्षकमा क्याम्पस प्रशासनलाई ध्यानाकर्षण गराएको छ । प्राध्यापक संघले क्याम्पसको वर्तमान अवस्थालाई विश्लेषण गरी वार्षिक कार्ययोजना बनाउनुपर्ने, शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक क्रियाकलापलाई नियमित गर्नुपर्ने, विद्यार्थी र अभिभावकको विश्वास कायमै राख्न परामर्श कक्ष सञ्चालन गर्नुपर्ने, पढ्दै कमाउँदै कार्यक्रम लागु गरी विद्यार्थीलाई इन्टर्नमा सहभागी गराउनुपर्ने, अभिभावक र सरोकारवालासँग नियमित छलफलको योजना बनाउन सुझाव दिएको छ ।

यस्तै मकवानपुर बहुमुखी क्याम्पसलाई बागमती प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालय बनाउने निर्णय कार्यान्वयनका क्रममा क्याम्पसका विद्यार्थी, अभिभावक, कर्मचारी, प्राध्यापक, सञ्चालकको सामूहिक प्रयास रहनुपर्ने, विश्वविद्यालय हुँदै गर्दा प्राध्यापकको पाँच वर्षको उपदान र एक तह स्वतः बढुवा हुने प्रावधान राख्नुपर्ने पनि प्राध्यापक संघले उल्लेख गरेको छ । प्राध्यापक र सहप्राध्यापक बढुवामा कोटा प्रणाली खारेज गर्नुपर्ने, प्राज्ञिक एवम् शैक्षिक गतिविधि गर्नका लागि प्राध्यापक संघलाई पनि निश्चित बजेटको व्यवस्था गर्नुपर्ने माग प्राध्यापक संघले राखेको छ ।

प्राध्यापक संघले गत चैत २० र २१ गते संकायगत प्राध्यापकहरुसँग छलफल गरी क्याम्पस सुधारको प्रस्ताव तयार पारेको थियो । प्राध्यापक संघको सुझाव समेटिएको ध्यानाकर्षणपत्र बुझ्नु भएपछि क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले प्राध्यापक संघको सुझावलाई नै आधार बनाएर आगामी योजना बनाउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

## निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक छः नेता बानियाँ

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेस बागमती प्रदेश समितिका सभापती एवम् बागमती प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँले देशमा निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक रहेको बताउनुभएको छ । नेपाली काँग्रेस मकवानपुर जिल्ला समितिले हेटौंडामा आयोजना गरेको प्रशिक्षक-प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै नेता बानियाँले देशमा प्रत्यक्ष निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने बताउनुभएको हो ।

राजनीतिक स्थिरताका लागि प्रत्यक्ष निर्वाचन प्रणाली नै आवश्यक रहेको औंल्याउनुहुँदै उहाँले पछिल्ला दिनमा राजनीतिक घटना साथसाथै पञ्चायत, प्रजातन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र, संविधान, निर्वाचन पछिको बेथिति अन्त्य गर्न निर्वाचन प्रणाली परिवर्तन गर्न आवश्यक रहेको दावी गर्नुभयो । नेता बानियाँले वर्तमान निर्वाचन प्रणालीलाई अस्थिरताको मूल जड भएको जीकिर गर्नुभयो । २०८४ सालको निर्वाचन भन्दा अघि निर्वाचन प्रणाली परिवर्तन गरी निर्वाचनलाई प्रत्यक्ष रुपमा लगेर समावेशी समानुपातिक प्रतिनिधित्व, जनसंख्याको आधारमा भुगोलमैत्री निर्वाचन बनाउन सकिने उहाँको भनाई छ ।

पछिल्लो समय पार्टीमा उर्जा कम भएको बताउनुहुँदै नेता बानियाँले देशमा चौतर्फीरुपमा नेपाली काँग्रेसलाई आक्रमण भइरहेको बताउनुभयो । कांग्रेस पार्टी आफ्नो पार्टी भित्रको कमि-कमजोरीलाई कानुन बमोजिम कारबाही गर्दा निष्पक्ष रुपमा कार्य गर्दै आएकोले गल्ती गर्नेलाई कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा काँग्रेस मकवानपुरका सभापति बुद्ध लामाले पछिल्ला बर्षहरुमा पार्टीका नेता कार्यकर्तालाई प्रशिक्षण न्यून भएकाले कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । पार्टीको सांगठनिक अवस्थाको बारेमा जानकारी गराउने उद्देश्यले १० बर्षपछि प्रशिक्षण कार्यक्रमको आयोजना भएको उहाँको भनाई छ । प्रशिक्षक प्रशिक्षण कार्यक्रम बुधबारसम्म चल्ने छ । कार्यक्रममा पार्टी केन्द्रीय सदस्य गोविन्द पोखेल, सुरेश आचार्य, शंकर तिवारी, काँग्रेस बागमती प्रदेश सचिव राजु नेपालले प्रशिक्षण दिनुहुनेछ ।

## उपमहानगरले आजदेखि निजी विद्यालयको अनुगमन गर्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडाका निजी विद्यालयको वर्गीकरणका लागि आज बुधबारदेखि उपमहानगरपालिकाले अनुगमन सुरु गर्ने भएको छ । हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख सीताराम कोइरालाका अनुसार ३ वटा समूह बनाएर निजी विद्यालयहरुको अनुगमन गरिनेछ । वर्गीकरणका आधारमा नगर शिक्षा समितिले निजी विद्यालयको शूल्क निर्धारण गरिदिनेछ ।

विद्यालय वर्गीकरण र शूल्क निर्धारणको प्रक्रियामा ढिलाई भएका कारण विद्यालयलाई हालका लागि गत शैक्षिक सत्रकै शूल्कका आधारमा विद्यार्थी भर्ना गर्न भनिएको महाशाखा प्रमुख कोइरालाले जानकारी दिनुभएको छ । विद्यालयको अनुगमनका लागि शिक्षा महाशाखाका विद्यालय निरीक्षक, शिक्षा समितिका सदस्य र प्यावसन प्रतिनिधि गरी तीन सदस्यीय समूह खटिनेछ । विद्यालय वर्गीकरणको प्रक्रियामा ढिलाई भएका कारण आज बिदाको दिन पनि अनुगमन गर्न लागिएको कोइरालाको भनाइ छ । शिक्षा विकास महाशाखाले विद्यालय वर्गीकरणका लागि ७० बुँदे सूचक तयार पारेको छ । शिक्षा विकास महाशाखाले उपलब्ध गराएको सूचकका आधारमा निजी विद्यालयले स्वमूल्यांकन गरेर फारम बुझाइसकेका छन् । निजी विद्यालयको स्वमूल्यांकन फारमलाई नै आधार बनाएर अनुगमन र मूल्यांकन गरिने बताइएको छ । हेटौंडा उपमहानगरपालिकामा ४८ वटा निजी विद्यालय छन् ।






# सम्पादकीय

## सार्वजनिक जग्गा व्यवस्थापन

नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा पहिचान, उपायोग र व्यवस्थापनमा खासै ध्यान दिन नसकेको हेटौंडा उपमहानगरपालिकाले दुई स्थानको जग्गा फिर्ता लिने निर्णय गरेको छ । उपमहानगरपालिकाको आइतबार बसेको कार्यपालिका बैठकले बागमती प्रदेश सरकारलाई सभाहल बनाउन दिएको जग्गा र नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेश समितिलाई भवन बनाउन दिएको जग्गा फिर्ता लिने निर्णय गरेको हो । उपमहानगरपालिकाको कार्यालय भवनपछाडि रहेको जग्गामा बागमती प्रदेश सरकारलाई सभाहल बनाउन जमिन दिइएको थियो । बागमती प्रदेशले सभाहलको ठेक्का लगाएर निर्माण सुरु गरे पनि निर्माण व्यवसायीले सभाहल निर्माणको काम अधुरै छाडेको थियो । लामो समयसम्म पनि सभाहल निर्माणको काम सुचारु नभएपछि उपमहानगरपालिकाले जग्गा फिर्ता लिने निर्णय गरेको हो ।

हेटौंडा-११, थानाभन्ज्याङमा उद्योग वाणिज्य महासंघलाई भवन निर्माणको लागि दिएको ३ कठ्ठा जग्गा पनि उपमहानगरपालिकाले फिर्ता लिने निर्णय गरेको छ । करिब एक वर्षअघि उपमहानगरपालिकाले महासंघलाई भवन निर्माणका लागि जग्गा दिने निर्णय गरेको थियो । महासंघले उक्त जग्गामा कम्पाउण्ड वाल निर्माण गरेर करिब २ महिनाअघि भवन शिलान्यास गरिसकेको अवस्थामा उपमहानगरपालिकाको कार्यपालिका बैठकले जग्गा फिर्ता लिने निर्णय गरेको हो । महासंघले भवन निर्माणका लागि आर्थिक सहयोग संकलन गरिरहेकै अवस्थामा उपमहानगरले जग्गा फिर्ता लिने निर्णय गरेपछि महासंघका पदाधिकारी असन्तुष्ट बनेका छन् । महासंघका पदाधिकारीले जग्गा फिर्ता लिने निर्णयका बारेमा सोमबार नगरप्रमुख मीनाकुमारी लामासँग भेट गरेको र नगरप्रमुख लामाले महासंघलाई दिएको जग्गाको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेका कारण फिर्ता लिने निर्णय गरेको जानकारी गराएकी हुन् ।

उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेको जग्गा मनलागे कसैलाई दिने र मन लागे फिर्ता लिने गर्नु उचित हुँदैन । उपमहानगरपालिकाको कार्यालय भवन साँघुरो भएर विभिन्न महाशाखा र अन्य सम्बद्ध कार्यालय भाडाको घरमा बसिरहेका छन् । उपमहानगरपालिकालाई नगरका विभिन्न ठाउँमा विभिन्न प्रयोजनका लागि पर्याप्त सार्वजनिक जग्गा आवश्यक छ । यस्तो अवस्थामा आफ्नो स्वामित्वको जग्गा जथाभावी वितरण गर्नु उचित हुँदैन । तर, अन्य सरकारी निकाय वा संघसंस्थालाई निश्चित उद्देश्यका लागि दिएको जग्गा फिर्ता लिनु पनि उपमहानगरको परिपक्व निर्णय होइन । हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा पहिला उपमहानगरभित्रका रहेका सार्वजनिक जग्गाको तथ्यांक संकलन गरी अभिलेखीकरण गर्नु आवश्यक छ । सार्वजनिक जग्गाको विस्तृत विवरण प्राप्त भइसकेपछि त्यसको संरक्षण, सदुपयोग र व्यवस्थापनका लागि गुरुयोजना तयार पारेर काम गर्नु उचित हुनेछ ।

बागमती प्रदेशको राजधानी भएसँगै उपमहानगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको छ । उपमहानगरभित्र आर्थिक, शैक्षिक, स्वास्थ्य, उद्योग, कारोबारमा भइरहेको वृद्धिअनुरुप भविष्यमा चाहिने सार्वजनिक जग्गाको आवश्यकता कसरी पूरा गर्ने भन्ने स्पष्ट योजना र रणनीति बन्नुपर्छ । उपमहानगरभित्र चाहिने खेल मैदान, उद्यान, विद्यालय, क्याम्पस, अस्पताल, सभाहल, फोहोर व्यवस्थापन केन्द्र, पार्किङ क्षेत्र बनाउन प्रशस्त सार्वजनिक जमिन आवश्यक पर्दछ । विकासको क्रमलाई निरन्तरता दिन आवश्यक संरचना निर्माणका लागि पनि सार्वजनिक जमिन चाहिन्छ । हेटौंडामा राप्ती नदी उकास क्षेत्रको चौकीटोल, थानाभन्ज्याङ आदि क्षेत्रका सार्वजनिक जग्गा क्रमशः घट्दै गइरहेको छ । हुप्रचौर, टीसीएन, रोपवेका सार्वजनिक जमिन पनि मासिँदै गएको छ । यस्तो अवस्थामा उपमहानगरपालिकाले आफ्नो क्षेत्रमा भएको सार्वजनिक जग्गाको पहिचान, अभिलेखीकरण, उपयोगसहित उचित व्यवस्थापनको काम समयमै गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाई मध्यमकारक रहने समयको योग छ ।
**वृष** : रोकिएको धन हात पर्ने समय योग रहेको छ ।
**मिथुन** : अन्तरर्वाता परीक्षा आदिमा सफलता प्राप्त होला ।
**कर्कट** : गोपनिय विषय र मानसिक अल्झन बढ्न सक्छ ।
**सिंह** : सोच र बुद्धिको उपयोगले काममा परिपूर्णता ।
**कन्या** : व्यवहारमा लचिलोपन ल्याउँदा राम्रो रहने छ ।
**तुला** : चुनौति र संघर्ष पनि बढ्ने समय योग छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय दुवै मध्यमकारक रहला ।
**धनु** : सोच र बुद्धिको उपयोगले प्रशंसा प्राप्त होला ।
**मकर** : प्रतियोगी र प्रतिद्वन्द्वी माथि विजय प्राप्त होला ।
**कुम्भ** : चुनौतिका काम भएपनि सफलता प्राप्त होला ।
**मीन** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।

# आउ बर्षात, हुँदै छ अब....



✍सरोजप्रसाद साह



त्यो समिनी बाटो, नाई न भन,
आऊ बर्षात, हुँदै छ अब !!२
भिजेर हेर, सितलको तन,
आऊ वर्षात, हुँदै छ अब !!!

त्यो कपटी वस्त्र, उतारी आऊ....!
त्यो झुकेको नयन, उठाई आऊ..!!
यो कपटी गाउँ, बिजुली हेर,
यो राक्षसी बस्तिको, ओतलाई छोड...!!!
आऊ वर्षात, हुँदै छ अब !!!!२




आँगनमा आऊ, केहि नबोल..!२
घमण्डी बादल, मदिरा खोल...!!२
उड्दै छ, छानो पापीका....!!!
आऊ वर्षात, हुँदै छ अब !!!!२

दक्षिणमा हेर, लुकेको जून...!
पश्चिममा हेर, पापिनी रात...!!
पिउँदै छ अब, प्यासेको धर...!!!
आऊ वर्षात, हुँदै छ अब.....!!!!



बादलको झिल्का, र आगोलाई हेर...!
आऊ न यहाँ, रङ्ग नफेर......!!
मिलेर त्यागौं, कपटका रङेग...!!!
आऊ वर्षात, हुँदै छ अब !!!!२

# किताब



✍रोचन बन्जारा


किताब हो मेरो प्यारो मिल्ने साथी
यसले पुऱ्याउँछ मलाई सफलताको शिखर माथी
हटाउँछ यसले मनको मैलो अहंकार
ज्ञानरुपी आँखा खोली हटाउँछ अन्धकार ।।

पढी, लेखी सिक्छौं हामी ज्ञान, गुण र सीप
देशको विकास गर्ने हामी नै हो उज्वलदीप
किताबले दिन्छ नयाँ पुराना ज्ञानको बखान
यसको बयान म के गर्न सक्थे अन्जान ।।

पढेर नै भइन्छ डाक्टर, इन्जिनियर
अनि बन्छ देशमा जहितहीं विकसित शहर
शिक्षाले नै हटाउँछ देशमा गरिबी र
अनि आउँछ सबैको जीवनमा बाँच्नलाई सहजता ।।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कुल, हेटौंडा-२*

# चित्रकला






दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५





बिहान कार्की
कक्षाः- ४, कमाने एकेडेमी, हेटौंडा-८






यमि श्रेष्ठ
कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२





सुयोग श्रेष्ठ
कक्षाः- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

# बागमती गाउँपालिकमा कक्षा-८ को नतिजा प्रकाशन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाले आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा बैशाख ३ गते सोमबार प्रकाशन गरेको छ। सबै पालिकामा चैत महिनामा कक्षा-८ को नतिजा प्रकाशन भए पनि बागमती गाउँपालिकामा सोमबार मात्र नतिजा प्रकाशन भएको हो ।

बागमती गाउँपालिकाले कक्षा ८ र ५ को वार्षिक परीक्षालाई पालिकास्तरमा सञ्चालन गरेको र जनशक्तिको अभावले गर्दा नतिजा प्रकाशनमा ढिलाई भएको शिक्षा शाखाका प्रमुख प्रमोद राईले जानकारी दिनुभयो । गाउँपालिकामा कक्षा-८ सम्म पढाई हुने १५ वटा सामुदायिक विद्यालय रहेको उहाँले जानकारी दिनुभयो ।

कक्षा-८ मा भर्ना भएका ६ सय विद्यार्थीमध्ये पाँच सय ५४ जना विद्यार्थीले परीक्षा फारम भरेको र परीक्षामा पाँच सय ३० जना विद्यार्थी सामेल भएका थिए। परीक्षामा ३ सय ६७ जना विद्यार्थीहरु उत्तीर्ण भएका छन् भने एक सय ६३ जना विद्यार्थीहरु अनुत्तीर्ण भएका छन् । परीक्षा चैत २ गते शुक्रबारबाट चैत ९ गते शुक्रबारसम्म भएको शिक्षा शाखा प्रमुख राईले जानकारी दिनुभयो ।

# हेटौंडामा विप्लव प्रतीकको हाइकुको चर्चा

समाज संवाददाता

हेटौंडाः साहित्यकार विप्लव प्रतीकको हाइकु संग्रह "शाडेनफ्रोएड" को विमोचन, वाचन तथा विमर्श कार्यक्रम मंगलबार बिहान हेटौंडामा भएको छ। हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको नेपाली तथा पत्रकारिता विभागले आयोजना गरेको कार्यक्रममा प्रतीकले केही कविता र केही हाइकु वाचन गर्नुभयो ।

नेपाली तथा पत्रकारिता विभागका प्रमुख रामजी न्यौपानेको अध्यक्षता तथा क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्यकार विप्लवको व्यक्तित्व र कृतिको विषयमा समीक्षक घनश्याम घिमिरेले टिप्पणी गर्नुभएको थियो । विप्लव प्रतीकले कार्यक्रममा सहभागी साहित्यकार, विद्यार्थीसँग अन्तरक्रिया समेत गर्नुभएको थियो । कार्यक्रममा क्याम्पसका प्राध्यापक, विद्यार्थीको उपस्थिति रहेको थियो ।

# रामनगरमा आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ स्थित रामनगरमा आगलागी भएको छ । सोही ठाउँका ६८ वर्षीय आत्मलाल चौलागाईको सिमेन्ट, काठ र टायलले बनेको २ तले कच्ची घर र गोठमा आगलागी भएको हो ।

मंगलबार साँझ ५ बजेर ४० मिनेटको समयमा चौलागाईको घरसँगै जोडिएको गोठमा बिजुलीको तार सट भएर आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी चौघडा र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी टोली खटिएको थियो। चौलागाईको घर नजिकै पश्चिमपट्टी रहेको भाइ लीलानाथ चौलागाईको ३ तले पक्की घरको सीसा आगोको तापले फुट्दा सोही ठाउँका ३५ वर्षीय प्रकाश चौलागाई समान्य घाइते भएका छन् ।

घाइते चौलागाई स्थानीय मेडिकलमा उपचारपश्चात् घर फर्किएको प्रहरीले जनाएको छ। प्रहरी र दमकलको सहयोगमा आगो नियन्त्रणमा आएको छ ।


# हार्दिक समवेदना



जन्म मितिः
१९९३ जेठ १६ गते

मृत्यु मितिः
२०८० चैत २८ गते

चन्द्र कुमारी अधिकारी

यस विद्यालयकी शिक्षक सावित्री अधिकारीकी सासुआमाको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) परिवार**

हेटौंडा-४, मकवानपुर



# हार्दिक समवेदना



जन्म मितिः
१९९३ जेठ १६ गते

मृत्यु मितिः
२०८० चैत २८ गते

चन्द्र कुमारी अधिकारी

यस विद्यालय व्यवस्थापन समितिका अध्यक्ष आदरणीय हेमप्रसाद अधिकारीकी ममतामयी आमाको निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नवज्योति माध्यमिक विद्यालय परिवार**

हेटौंडा-७, मकवानपुर


## प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश, हेटौंडा

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

सूचना नं. २३९/०८०/०८१

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०५गते)*

आ.व. २०८०/८१ मा यस आयोगलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित कार्यालय सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र दरभाउपत्र फाराम आयोगबाट खरिद गर्न सकिने छ । साथै दरभाउपत्र दाखिला लगायतका अन्य जानकारी Website: ppsc.bagmati.gov.np वा सूचना पाटीबाट प्राप्त गर्न सकिने छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने कामका विवरण | जमानत रकम रु. | दरभाउ पत्र दस्तुर रु. | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | मसलन्द तथा कार्यालय सामाग्रीहरू | ४४,५००/- | १,०००/- | २०८१/०१/२० गते कार्यालय समय भित्र | २०८१/०१/२१ गते दिनको १२:०० बजेसम्म मात्र | शिलबन्दी खोलिने समय २०८१/०१/२१ गते दिनको २:०० बजे |
| २ | ०२/२०८०/०८१ | छपाई सम्बन्धी कार्य | ३७,५००/- | १,०००/- | | | |

## शिक्षक आवश्यकता

प्रथमपटक सूचना प्रकाशित मितिः २०८१/०१/०५

उपर्युक्त सम्बन्धमा यस श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का लागि आवश्यकत पशिलमा उल्लेखित पदहरुमा अंग्रेजी माध्यमका लागि आन्तरिक श्रोतमा खुल्ला प्रतिष्पर्धाबाट करार पदपूर्ति गर्नुपर्ने भएकोले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार प्रथमपटक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र इच्छुक योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

**तपशिल**

| क्र.सं. | विज्ञापन नं. | तह/पद | माग संख्या | विषय | न्यूनतम शैक्षिक योग्यता | कै |
|---|---|---|---|---|---|---|
| १ | ०३/०८०/०८१ | माध्यमिक तह, शिक्षक | ३ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई स्नातक तह वा सोसरह उत्तीर्ण गरेको । | |
| २ | ०४/०८०/०८१ | माध्यमिक तह, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । | |
| ३ | ०५/०८०/०८१ | माध्यमिक तह, शिक्षक | १ जना | नेपाली | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय नेपाली लिई स्नातक तह वा सोसरह उत्तीर्ण गरेको । | |
| ४ | ०६/०८०/०८१ | आधारभूत तह निमावि, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ५ | ०७/०८०/०८१ | आधारभूत तह निमावि, शिक्षक | १ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको । | |
| ६ | ०८/०८०/०८१ | आधारभूत तह प्रावि, शिक्षक | १ जना | गणित | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ७ | ०९/०८०/०८१ | आधारभूत तह प्रावि, शिक्षक | १ जना | अंग्रेजी | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय अंग्रेजी लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |
| ८ | १०/०८०/०८१ | आधारभूत तह प्रावि, शिक्षक | १ जना | विज्ञान | मान्यताप्राप्त शिक्षण संस्थाबाट मूल विषय विज्ञान लिई कम्तिमा कक्षा १२ वा सोसरह उत्तीर्ण गरेको । | |

**आवश्यक न्यूनतम योग्यताः**

१) उमेरः १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।
२) सेवा सुविधाः विद्यालय व्यवस्थापन समितिले तोकेअनुसार ।
३) आवेदन फारम दस्तुरः मावि तहको रु १,०००।-, निमावि तहको ७००।- र प्रावि तहको रु ५००।- (बैङ्क भौचर अनिवार्य)
४) परीक्षाको किसिमः लिखित, मौखिक तथा कक्षा अवलोकन
५) अन्तिम मितिः २०८१ बैशाख ११ गते मंगलबार
६) सम्पर्क मितिः २०८१ बैशाख १२ गते बुधबार
७) परीक्षा मितिः सम्पर्क मितिको दिन तय गरिने छ ।

**पेश गर्नुपर्ने कागजातहरूः** हस्तलिखित निवेदन, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कम्प्युटर शिक्षा वा आधारभूत तालिमसम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, कामको अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपि, अंग्रेजी भाषा लेखन तथा सञ्चारमा निपूर्ण भएका तथा अध्यापन अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता दिइने छ ।

**थप जानकारीका लागि**

**श्री भूटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**

हेटौंडा-४, मकवानपुर

सम्पर्क नं. ०५७-५२०४२०

## हेटौंडा मेयर कप फुटबल प्रतियोगिता

# उपाधिका लागि वडा नम्बर ४ र १४ भिड्दै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी चौथो संस्करणाको मेयर कप फुटबल प्रतियोगिताको फाइनल खेल बुधबार हुँदैछ। हेटौंडा-५ स्थित पिप्ले क्याम्पा र गशालामा दिउँसो ३ बजे हुने प्रतियोगिताको फाइनल खेलमा उपाधिका लागि वडा नम्बर ४ र १४ बीच प्रतिस्पर्धा हुनेछ।

मंगलबार भएको पहिलो सेमिफाइनल खेलमा प्रतियोगिताको साविक उपविजेता वडा नम्बर १५ लाई टाइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै १४ नम्बर वडा फाइनलमा प्रवेश गरेको हो। निर्धारित समय गोलरहित बराबरीमा रोकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा पनि ३-३ को गोल बराबरीमा रोकिएपछि खेलको नतिजाका लागि सडन डेथको सहारा लिनुपरेको थियो।

यस्तै, मंगलबार नै भएको दोस्रो सेमिफाइनल खेलमा वडा नम्बर १३ लाई सडनडेथमा ५-४ गोलले हराउँदै वडा नम्बर ४ फाइनलमा प्रवेश गरेको हो। निर्धारित खेल समय गोलरहित बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। टाइब्रेकरमा पनि ४-४ गोलको बराबरी भएपछि खेल सडनडेथमा धकेलिएको थियो। प्रतियोगिताअन्तर्गत् तृतीय स्थानका लागि बुधबार बिहान वडा नम्बर १३ र १५ बीच प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिताको उपाधि विजेता टिमले दुई लाख रुपैयाँ र उपविजेता टिमले एक लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा तृतीय हुनेले ५० हजार रुपैयाँ र चौथो हुनेले २५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

# बागमतीमा ९८ प्रतिशत घरधुरीमा विद्युत् सुविधा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकामा ९८ प्रतिशत घरधुरीमा विद्युत् सुविधा पुगेको छ। गाउँपालिकाको सबै घरधुरीमा विद्युत् सेवा विस्तारको काम अन्तिम चरणमा पुगेको हो।

सोमबार बागमती-९ स्थित टिनटारमा विद्युत् सुविधा विस्तार भएसँगै पालिकाभित्र दुई प्रतिशत घरधुरीमा मात्र विद्युत् विस्तार हुने बाँकी रहेको बताइएको छ। गाउँपालिकाका अध्यक्ष सर्केश घलानले एक कार्यक्रमका बीच ट्रान्सफर्मरबाट बत्ती बालेर उक्त गाउँमा विद्युत् विस्तार गर्नुभएको हो।

अध्यक्ष घलानले जनतालाई निराशाबाट आशा जगाउने काम स्थानीय सरकार र राज्यको सबै निकायबाट हुनुपर्ने बताउनुभयो। उहाँले विद्युत्को सही सदुपयोग गर्दै जीवनस्तर उकास्नेतर्फ लाग्न समुदायलाई आग्रहसमेत गर्नुभयो। उहाँले विद्युतलाई खेलाची नगरी घर र समुदायमा हुने जोखिमहरुबाट बच्न अग्रिम होशियारी अपनाउनुपर्ने बताउनुभयो।

गाउँपालिकाको उत्तरी क्षेत्रको उक्त स्थानमा लामो समयदेखि भौगोलिक कठिनाइका कारण विद्युत् विस्तार हुन सकेको थिएन। विद्युत् विस्तारपश्चात् त्यस ठाउँका जनताले सिंचाइ सुविधादेखि आवश्यकताका आधारमा साना घरेलु उद्योग सञ्चालन गर्न सक्ने आधार बनेको छ। विद्युत् सेवाबाट उक्त गाउँका २८ घरपरिवार लाभान्वित हुने अध्यक्ष घलानले बताउनुभयो। उहाँले आफ्नो नेतृत्वमा बागमती गाउँपालिकाले विद्युत् विस्तारका लागि प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो।

दोस्रो कार्यकालमा पालिकाको अध्यक्ष भएर काम गरिरहनुभएका घलानले स्थानीय सरकार आएपछि नै बागमतीको सबैजसो ठाउँमा विद्युत् विस्तार गर्न सफल भएको बताउनुभयो। स्थानीय सरकार आउनुभन्दा अगाडि बागमतीमा २० प्रतिशत घरधुरीमा मात्र बिजुली विस्तार भएको उहाँको भनाइ छ। अध्यक्ष घलानका अनुसार अब पालिकाभित्र करिब एक सय घरधुरीमा मात्र विद्युत् पहुँच पुग्न बाँकी छ। वडा नम्बर ९, ३ र २ का केही घरधुरीमा मात्र विद्युत् सुविधा पुऱ्याउन बाँकी रहेको उहाँले बताउनुभयो। भौगोलिक विकटताका कारण उक्त स्थानमा विद्युत् विस्तार नभएको भन्दै उहाँले यहि वर्षभित्र बाँकी सबै ठाउँमा विद्युत् विस्तार हुने बताउनुभयो।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण, हेटौंडा वितरण केन्द्रका प्रमुख शिवराम यादव, बागमती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान, हेटौंडा विद्युत् वितरण केन्द्रका कर्मचारी तथा आइटी अफिसर जीवन लामा र फापरबारी फ्युज शाखाका प्रमुख डिल्ली सापकोटालगायतको उपस्थिति रहेको थियो।

## बागमतीमा प्रिबजेट छलफल

# कृषि क्षेत्रमा आधुनिकीकरण गर्न विज्ञहरुको सुझाव

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमाका लागि पूर्वबजेट छलफल भएको छ। आर्थिक मामिला योजना मन्त्रालयको आयोजनमा हेटौंडामा पूर्वबजेटमाथि छलफल भएको हो। छलफलमा विज्ञहरुले कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृषिमा परिमार्जन गर्न सुझाव दिएका छन्।

आइतबार हेटौंडामा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्य तथा आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाको अध्यक्षतामा प्रिबजेट छलफल भएको हो। छलफलमा प्रदेश योजना आयोगका पूर्वसदस्य प्रा.डा. ध्रुवराज पोखरेलले कृषकलाई आपूर्तिमा जोड दिनुपर्ने बताउनुभयो। उहाँले युवा विकासमा ध्यान दिनुपर्ने बताउँदै स्रोत संकलनमा जोड दिनुपर्ने धारणा राख्नुभयो। पोखरेलले सांस्कृतिक विकासलाई स्रोतसँग जोड्नुपर्ने, कृषिलाई पर्यटनसँग जोड्नुपर्ने, भूगोललाई मध्यवर्ती पर्यटनमा जोड्नुपर्ने र परम्परागत कृषि प्रणालीलाई आधुनिकतामा लैजानुपर्नेमा जोड दिनुभएको छ।

प्रदेश योजना आयोगका पूर्वसदस्य प्रा.डा. रामचन्द्र ढकालले स्थानीय तहको समन्वयमा भूमि उपयोग कार्यक्रम बनाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले पूर्वाधारलाई श्रेणीगत गरी विकास गर्नुपर्ने भन्दै प्रदेशका ८५ स्थानीय तहमा कृषि अनुदान चालु राखी कार्यक्रमलाई निरन्तरता दिई प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो।

आर्थिक विकास तथा अनुसन्धानका अध्यक्ष डा. चन्द्रमणि अधिकारीले स्रोतको उच्चतम उपयोग गरी आवश्यकता, सहभागिता एवम् दक्षताको आधारमा बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सुशासन सूचाकाङ्क १ प्रतिशले वृद्धि हुँदा १.७ प्रतिशले आर्थिक वृद्धि हुनुपर्ने जानकारी गराउनुभयो। भौतिक पूर्वाधार को साथसाथ सामाजिक पूर्वाधारमा जोड दिनुपर्ने बताउँदै आयमा असमानता घटाउन जोड दिनुपर्ने उहाँको भनाइ छ।

प्रदेशमा कृषि उत्पादनलाई उद्योगसँग जोड्नुपर्ने धारणा राख्नुभयो। पछिल्लो समय ग्रामीण क्षेत्रमा अधिक भएको जनसंख्या कम हुँदै गएको अवस्थामा सरकरले संरक्षणमा ध्यान दिनुपर्ने बताउँदै उत्पादनको आधारमा अनुदानमा जोड दिनुपर्ने सुझाव दिनुभयो। उहाँले प्रदेशमा डिजिटल अर्थव्यवस्थामा जोड दिनुपर्ने बताउनुभयो।

यस्तै, छफलमा विज्ञ प्रा.डा. कपिलदेव सुवेदीले बजेट निर्माणको क्रममा खर्च जीडीपीलाई प्रोत्साहन गर्ने खालको कार्ययोजना बनाउनुपर्नेमा जाोड दिनुभएको छ। सरकारले सिधा प्रतिफल आउने योजनामा लगानी गर्नुपर्ने, मानव विकासका क्षेत्रमा जोड दिने कार्य गर्नुपर्ने सुवेदीले बताउनुभयो। उहाँले खाद्य संकट कम गर्ने क्षेत्रमा जोड दिनुपर्ने, स्वदेशमा नै अध्ययनमा विद्यार्थी टिकाउने नीति लिनुपर्ने धारणा राख्नुभयो। बजेट निर्माण गर्दा कोर टिम बनाई पूर्वाधार विकासमा जोड दिनुपर्ने, योजनालाई गुणस्तरीय बनाउनुपर्ने, युवाको क्षमता विकासमा जोड दिनुपर्ने, आधारभूत क्षेत्र स्वास्थ्य, कृषि क्षेत्रको विकासमा जोड दिनुपर्ने, प्रदेशमा पकेट क्षेत्रको विकास गर्नुपर्ने, पर्यटकीय क्षेत्रको विकासमा लगानी गर्नुपर्ने, कृषिको उत्पादकत्व वृद्धि र गुणस्तर सुधार्न जोड दिनुपर्ने बताउनुभयो।

छलफलमा कृषि विज्ञ डा. तिलचन्द्र भट्टराईले मनोरञ्जनको कर न्यून भएकाले वृद्धि गर्नुपर्ने बताउनुभयो। प्रदेशमा विकास आधारको बारेमा स्पष्ट हुनुपर्ने बताउँदै पूर्वाधार सँगै आय बढाउने कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो। कृषि उत्पादनको निर्यात बढाउनुपर्ने जानकारी गराउँदै कृषि उपजलाई उत्पादन गरी ब्राण्डका रुपमा स्थापित गर्नुपर्ने, काठको सदुपयोग हुनुपर्ने, दहत्तर बहत्तर निकासी गर्नुपर्ने र लगानी सम्मेलन गर्नुपर्नेमा उहाँको जोड छ।

प्रिबजेट छलफलमा नेपाली कांग्रेसका प्रमुख सचेतक गोविन्द लम्साल, नेकपा एमालेका सचेतक मधुसुदन पौडेल, नेकपा माओवादीका सचेतक रत्न ढकाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रदेशसभा सदस्य वीरबहादुर तामाङको उपस्थिति रहेको थियो।

# रामेछापमा एकैदिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा रामेछाप जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार रामेछाप जिल्लाको लिखु तामाकोशी गाउँपालिका-७, धोरेढुङ्गोमा भिरबाट लडेर एक जना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा लिखु तामाकोशी गाउँपालिका-७, अधिकारीडाँडा बस्ने ६५ वर्षीया काली अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार अधिकारी वडा कार्यालयबाट युरिया मल बोकी घर फर्कने क्रममा धोरेढुङ्गो भिरबाट ३० मिटर तल खसी मृत्यु भएको थियो। मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि मन्थली अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएको छ। रामेछाप जिल्लाको मन्थली नगरपालिका-७, पोडेदहमा टिपर सडकबाट खस्दा चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा टिपर चालक २० वर्षीय दीपेन्द्र बस्नेत रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार बिहान ५ बजेर ५५ मिनेटको समयमा मुगिटारबाट मन्थलीतर्फ जाँदै गरेको बा प्र ०१-००६ ख ३८३९ नम्बरको बालुवा लोड टिपर सडकबाट ५० मिटर तल खसेर दुर्घटना हुँदा टिपर चालक बस्नेत र सह-चालक दोलखा तामाकोशी गाउँपालिका-६, च्यामा बस्ने २१ वर्षीय मनोज फुयाँल घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि मन्थली अस्पताल लगिएकोमा चालकको उपचारको क्रममा बिहान ६ बजेको समयमा मृत्यु भएको थियो भने सह-चालक फुयाँललाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका-३, भिरपानीमा मोटरसाइकल अनियन्त्रित भई सडकबाट खस्दा चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा कठजोर बस्ने २६ वर्षीय अशोक नेपाली रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार तिल्पुङबाट काठमाडौं जाँदै गरेको बा ८९ प ४३८२ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट ५० मिटर तल खस्दा चालक गम्भीर घाइते भएको र पछाडि सवार दोलखा जिल्ला मैलुङ गाउँपालिका-२, घ्याङ बस्ने ३० वर्षीय सञ्जित दर्जी सामान्य घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि सिन्धुलीको खाल्टे अस्पताल लगिएकोमा उपचारको क्रममा चालकको मृत्यु भएको र घाइतेको उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ।

# आज रामनवमी पर्व मनाइँदै

समाज संवाददाता

हेटौंडाः आज बुधबार मर्यादा पुरुषोत्तम श्रीरामको पूजा आराधना गरी रामनवमी पर्व मनाइँदैछ। हेरक वर्ष चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा रामनवमी पर्व मनाइने गरिएको हो।

असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरमा पूजापाठ गरिन्छ। जनकपुरधामस्थित रामजानकी मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लाग्छ। त्रेतायुगमा आजकै दिन अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो। त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरुमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ। आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठबास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ। अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौं अवतारका रूपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसार बाट पापी तथा दुष्ट राक्षसहरुको नाश गरेको धर्मशास्त्रहरुमा उल्लेख छ।

# १८ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसमा मंगलबार बिहान रक्तदान कार्यक्रम भएको छ। युवा रेडक्रस सर्कलको आयोजनामा रक्तदान कार्यक्रम भएको हो। कार्यक्रममा १८ जनाले रक्तदान गरेका छन्। वन विज्ञान क्याम्पसले हरेक वर्ष रक्तदान कार्यक्रम गर्दै आइरहेको छ। बुधबार पनि रक्तदान कार्यक्रम आयोजना हुने रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दहालले जानकारी दिनुभयो। आज बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

नयाँ बर्षको शुभकामना



नयाँ बर्ष २०८१ को शुभ अवसरमा हाम्रा सम्पूर्ण उपभोक्ता, पशुपालक किसान, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

न्यौपाने मिट सप परिवार

हेटौंडा-२, हेडम्बी हाइट

नयाँ बर्षको शुभकामना



नयाँ बर्ष २०८१ को शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गोविन्द उप्रेती, प्रधानाध्यापक

एवम् कमला आधारभूत विद्यालय परिवार

हेटौंडा-१८, दोभानचौर

नयाँ बर्षको शुभकामना



नयाँ बर्ष २०८१ को शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रिना आचार्य, प्रिन्सीपल

एवम् सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी परिवार

हेटौंडा-१०, मकवानपुर

नयाँ बर्षको शुभकामना



नयाँ बर्ष २०८१ को शुभ अवसरमा हाम्रा सम्पूर्ण उपभोक्ता, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

विष्णुहरि पौडेल, प्रोप्राइटर

एवम् पौडेल बेकरी उद्योग परिवार

हेटौंडा-४, पारिजातपथ

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ